# राष्ट्रियस्तरको विज्ञान, प्रविधि, इन्जिनियरिंग तथा गणित (STEM) विषयसँग सम्बन्धित ओलम्पियाड सञ्चालनसम्बन्धी कार्यविधि, २०८२

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## राष्ट्रियस्तरको विज्ञान, प्रविधि, इन्जिनियरिंग तथा गणित (STEM) विषयसँग सम्बन्धित ओलम्पियाड सञ्चालनसम्बन्धी कार्यविधि, २०८२

प्रस्तावना: आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत खर्च शीर्षक नं २६४१३, क्रियाकलाप नं १.४.३.१३ लाई कार्यान्वयन गर्न,

आर्थिक कायविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "राष्ट्रियस्तरको विज्ञान, प्रविधि, इन्जिनियरिंग तथा गणित (STEM) विषयसँग सम्बन्धित ओलम्पियाड सञ्चालनसम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ र २०८३ साल असार मसान्तसम्म कायम रहनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "ओलम्पियाड" भन्नाले विद्यालय तहको विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग तथा गणित (STEM) विषयसँग सम्बन्धित राष्ट्रियस्तरको प्रतिस्पर्धात्मक प्रतियोगिता सम्झनु पर्छ।

(ख) "ओलम्पियाड संस्था" भन्नाले विज्ञान वा प्रविधि वा इन्जिनियरिङ्ग वा गणित विषयसँग सम्बन्धित ओलम्पियाड सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्था सम्झनुपर्छ र सो शब्दले ओलम्पियाड सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको वैज्ञानिक पेशागत समाज वा गैर सरकारी संस्था वा मुनाफा वितरण नगर्ने गरी स्थापना भएको कम्पनी समेतलाई जनाँउछ।

(ग) "कार्यक्रम" भन्नाले 'राष्ट्रियस्तरको विज्ञान, प्रविधि, इन्जिनियरिंग तथा गणित (STEM) विषयसँग सम्बन्धित ओलम्पियाड सञ्चालन' सम्बन्धी चालु आ.व. को ब.उ.शी.नं. ३५०००११ क्रियाकलाप नं १.४.३.१३ खर्च शीर्षक २६४१३ अन्तर्गतको कार्यक्रम सम्झनु पर्छ।

(घ) "प्रशिक्षक" भन्नाले ओलम्पियाडसँग सम्बन्धित विषयमा स्नातकोत्तर शैक्षिक उपाधि हासिल गरी सम्बन्धित विधा वा विषयको प्रतिस्पर्धात्मक प्रतियोगिताको प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका जाँच वा ओलम्पियाड क्षेत्रमा प्रशिक्षण प्रदान गर्ने कार्यमा संलग्न व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तरको शैक्षिक उपाधि हासिल गरी ओलम्पियाडसम्बन्धी तालिम लिएको वा अन्तर्राष्ट्रिय ओलम्पियाडमा सहभागी भएको व्यक्तिलाई समेत जनाउँछ।



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(च) "मेन्टर" भन्नाले सम्बन्धित विषयमा कम्तीमा दश जोड दुई वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी ओलम्पियाड सञ्चालनको क्रममा तोकिएका विद्यार्थीलाई ओलम्पियाड प्रतियोगितामा भाग लिन तयार बनाई अन्तर्राष्ट्रिय ओलम्पियाडमा सहभागी भएको ओलम्पियाड संस्थाको सदस्य सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिमको छनोट तथा सिफारिस समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## ओलम्पियाड सम्बन्धी व्यवस्था

३. <u>राष्ट्रियस्तरको ओलम्पियाड सम्बन्धी व्यवस्थाः</u> (१) यस कार्यविधि बमोजिम राष्ट्रियस्तरको ओलम्पियाड नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका विद्यालयमा कक्षा बाह्र वा सो सरहसम्म अध्ययनरत विद्यार्थीले भाग लिन पाउने गरी सञ्चालन गर्नु पर्नेछ।

(२) विद्यार्थीको उमेर हद र पाठ्यक्रम सम्बन्धित विषयको अन्तर्राष्ट्रिय ओलम्पियाडमा आधारित भएर वार्षिक रुपमा ओलम्पियाड आयोजक संस्थाले निर्धारण गरी आफ्नो निर्देशिका वा मापदण्ड वा प्रवन्धमा तोके बमोजिम हुनपर्नेछ।

(३) ओलम्पियाडको विषय विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, गणितसँग सम्बन्धित हुनु पर्नेछ।

(४) राष्ट्रियस्तरको ओलम्पियाडको मान्यता प्राप्त गर्न ओलम्पियाड संस्थाले जिल्ला वा प्रदेशस्तर तथा राष्ट्रियस्तर गरी कम्तीमा दुई चरणमा प्रतियोगिता सञ्चालन गर्नु पर्नेछ।

(५) पहिलो चरणको जिल्ला वा प्रदेशस्तरबाट छनोट भएका विद्यार्थी बीच राष्ट्रियस्तरको ओलम्पियाड प्रतियोगिता प्रत्येक ओलम्पियाड संस्थाले कम्तीमा वर्षको एक पटक नेपालभित्र सञ्चालन गर्नु पर्नेछ।

(६) जिल्ला वा प्रदेशस्तरको ओलम्पियाड सञ्चालन पछि राष्ट्रियस्तरको ओलम्पियाड सञ्चालन गर्नु पूर्व भौतिक रुपमा वा सूचना प्रविधिको प्रयोग गरी अभौतिक रुपमा कम्तीमा एउटा वैज्ञानिक क्रियाकलाप (प्रोजेक्ट) मा प्रशिक्षण वा मेन्टरिङ्ग प्रदान गरी दोस्रो चरणमा छनोट गर्नु पर्नेछ।

४. <u>ओलम्पियाड संस्थासम्बन्धी व्यवस्थाः</u> (१) यस कार्यविधि बमोजिम आयोजना हुने राष्ट्रियस्तरको ओलम्पियाड सञ्चालन तथा अनुदान प्राप्त गर्न ओलम्पियाड संस्थाले देहाय बमोजिमको शर्त पूरा गर्नु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम संस्थाको रुपमा वा वैज्ञानिक समाज मुनाफा वितरण नगर्ने कम्पनीको रूपमा सम्बन्धित निकायमा दर्ता भएको,

(ख) नेपाल सरकारबाट स्थायी लेखा नम्बर (प्यान नं) लिई प्रचलित कानून बमोजिम लेखापरीक्षण प्रतिवेदन पेश गर्ने गरेको,



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(ग) संस्थाबाट स्वीकृत ओलम्पियाड सञ्चालन गर्ने सबै विवरण खुलेको मापदण्ड वा निर्देशिका वा प्रवन्ध रहेको र सो सार्वजनिक भएको,

(घ) विगत पाँच वर्षमा कम्तीमा राष्ट्रियस्तरको दुई ओलम्पियाड सञ्चालन गरेको।

(२) उपदफा (१) बमोजिमको कुनै एक शर्त पूरा नगरेको संस्थाले सञ्चालन गर्ने ओलम्पियाड राष्ट्रियस्तरको मान्यता पाउन तथा अनुदान रकम प्राप्त गर्न योग्य हुनेछैन।

## परिच्छेद-३

## ओलम्पियाड संस्था छनोट

५. **निवेदन माग गर्नु पर्ने:** (१) मन्त्रालयले ओलम्पियाडलाई राष्ट्रियस्तरको मान्यता प्रदान गर्न तथा अनुदान सहयोग उपलब्ध गराउने प्रयोजनको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा तीस दिनको म्याद दिई अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गरी ओलम्पियाड संस्थाबाट निवेदन माग गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र योग्तम् इच्छुक संस्थाले अनुसूची-२ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन उपर समितिले अध्ययन गरी मन्त्रालयमा मान्यता प्रदान गर्न सिफारिस गर्न सक्नेछ।

६. **छनोट तथा सिफारिस समिति:** (१) यस कार्यविधिको दफा ५ बमोजिम निवेदन प्राप्त भएपछि ओलम्पियाडलाई राष्ट्रियस्तरको मान्यता प्रदान गर्न मन्त्रालयमा सिफारिस गर्न र उपयुक्त संस्थाको छनोट गरी अनुदान वितरण गर्न एक छनोट तथा सिफारिस समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सहसचिव, विज्ञान प्रविधि महाशाखा, मन्त्रालय -संयोजक

(ख) शाखा प्रमुख, आविष्कार तथा नवप्रवर्तन शाखा, मन्त्रालय -सदस्य

(ग) शाखा प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय -सदस्य

(घ) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि (उपसचिवस्तर), नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र -सदस्य

(च) प्रतिनिधि (अधिकृतस्तर), वि.पि. कोइराला मेमोरियल प्लानेटोरीयम, अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति -सदस्य

(छ) प्राविधिक अधिकृत, आविष्कार तथा नवप्रवर्तन शाखा, मन्त्रालय -सदस्य सचिव

(३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको बैठकमा बढीमा दुई जनासम्म विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) समितिको बैठकमा भाग लिए वापत संयोजक तथा सदस्यहरुलाई नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिमको बैठक भत्ता भुक्तानी गर्न सकिनेछ।



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

७. <u>समितिको काम, कर्तव्य तथा अधिकारः</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधिको दफा ५ बमोजिम संस्थाले पेश गरेका कागजात अध्ययन गरी मूल्याङ्कन गर्ने,

(ख) यस कार्यविधिको दफा ४ बमोजिमका शर्तहरु पूरा गरेको ओलम्पियाड संस्थाले आयोजना गर्ने विधागत आधारमा फरक फरक विधाको हुने गरी कुनै एक ओलम्पियाडलाई राष्ट्रियस्तरको मान्यता प्राप्त गर्न तथा अनुदान रकम वितरण गर्न मन्त्रालयलाई सिफारिस गर्ने,

(ग) यस कार्यविधि बमोजिमको विषयमा मन्त्रालयले तोकेको ओलम्पियाड सम्बन्धी अन्य कार्य गर्ने।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम राष्ट्रियस्तरको ओलम्पियाडको मान्यता त्यस प्रतियोगिताको अन्तर्राष्ट्रिय प्रतिस्पर्धा सम्पन्न नहुँदासम्म रहनेछ।

(३) समितिले ओलम्पियाड संस्थालाई वितरण हुने अनुदान रकमको निर्धारण गर्दा कार्यक्रम, सहभागिता, विधा तथा विषय, अनुमानित खर्च, उपलब्धी, भौगोलिक सन्तुलन, लैङ्गिक समावेशिता, स्वीकृत बजेट र प्राप्त निवेदनको आधार बनाउनु पर्नेछ।

## परिच्छेद-४

## <u>सञ्चालन तथा पुरस्कारसम्बन्धी व्यवस्था</u>

८. <u>ओलम्पियाड सञ्चालन प्रक्रियाः</u> (१) यस कार्यविधि बमोजिम राष्ट्रियस्तरको ओलम्पियाडको मान्यता प्राप्त प्रतिष्पर्धात्मक कार्यक्रम सञ्चालन गर्न संस्थाले जिल्ला वा प्रदेशस्तरीय चरण र राष्ट्रियस्तरको चरण गरी दुई चरणमा सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा पहिलो चरणमा छनोट भएका विद्यार्थीलाई दोस्रो चरणभन्दा पहिले भौतिक वा अभौतिक रुपमा परियोजनामा आधारित मेन्टरिङ्ग प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा ओलम्पियाड संस्थाले ओलम्पियाड कार्यक्रमको अनुगमन तथा निरिक्षण कार्यमा मन्त्रालयलाई आमन्त्रण गर्नुपर्नेछ र मन्त्रालयले तोकेको कर्मचारी प्रतिनिधिको रुपमा खटाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिम ओलम्पियाड कार्यक्रम सञ्चालनका चरण तथा मेन्टरीङ सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्:-

(क) <u>प्रथम चरण अर्थात जिल्ला वा प्रदेशस्तरीय चरण</u>

(अ) ओलम्पियाड संस्थाले जिल्ला वा प्रदेशस्तरको प्रतिस्पर्धात्मक कार्यक्रम प्रदेशको सदरमुकाम वा कुनै जिल्ला सदरमुकाममा कम्तीमा चारवटा सञ्चालन गर्नुपर्नेछ र जिल्ला वा प्रदेश संयोजक तोक्नुपर्नेछ।



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(आ) प्रदेशस्तर वा जिल्लास्तरको ओलम्पियाड कार्यक्रमको अनुगमन तथा निरिक्षण कार्यमा सम्बन्धित जिल्लामा रहेको शिक्षा विकास तथा समन्वय इकाइको प्रतिनिधिलाई अनिवार्य आमन्त्रण गर्नु पर्नेछ।

(इ) जिल्ला वा प्रदेशस्तरको ओलम्पियाडमा निवेदन दिन योग्य एवं इच्छुक विद्यार्थीले सूचना प्रविधि मार्फत सम्बन्धित ओलम्पियाड संस्थाले तोकेको अनलाईन फारम वा तोकेको इमेल ठेगानामा आवश्यक कागजात वा फारम भरी पठाउन सक्ने व्यवस्था तथा इच्छुक विद्यार्थीलाई ओलम्पियाड आयोजना हुने स्थानमा भौतिक रुपमा उपस्थित भई दरखास्त दिने सुविधा समेत उपलब्ध गराउनु पर्नेछ।

(ई) जिल्ला वा प्रदेशस्तरमा सञ्चालन हुने ओलम्पियाडहरुमा सम्बन्धित विषय अनुसार प्रश्नपत्रको पाठ्यक्रम, परीक्षाको समय तथा यससम्बन्धी अन्य विषय ओलम्पियाड संस्थाले निर्धारण गरेको मापदण्ड वा निर्देशिका वा प्रवन्ध बमोजिम हुनेछ।

(उ) परीक्षाको दिनको कम्तीमा तीस दिन अगावै ओलम्पियाड संस्थाले जिल्ला वा प्रदेश ओलम्पियाड सञ्चालनको सम्पूर्ण प्रकृयाको बारेको मापदण्ड वा निर्देशिका वा प्रवन्धको व्यवस्था गरी संस्थाबाट स्वीकृत गराई आफ्नो वेवसाइट वा सोसल मिडियामा सार्वजनिक गर्नुपर्नेछ।

(ऊ) परीक्षा सञ्चालन गरेको तीस दिनभित्र सम्बन्धित ओलम्पियाड संस्थाले प्रदेश ओलम्पियाडको नतिजा साथै पुरस्कृत एवम् अन्य चरणको लागि छनोट भएका विद्यार्थीको छनोट भएपश्चात सम्पादन गर्नुपर्ने दायित्व र गर्नुपर्ने तयारी बारेमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(ए) सम्बन्धित ओलम्पियाड संस्थाले शिक्षा शाखा हेर्ने स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ र अधिकतम सहभागिता सुनिश्चित गराउनु पर्नेछ।

(ऐ) यस चरणबाट छनोट भएका विद्यार्थीहरुलाई राष्ट्रियस्तरको ओलम्पियाडमा सहभागी गराउनु पूर्व सम्बन्धित ओलम्पियाड संस्थाले सबै विद्यार्थीको दोश्रो चरणको कार्यक्रम अवधिभर दुर्घटना बीमा (Accident Insurance) अनिवार्य रुपमा गराउनु पर्नेछ।

(ख) <u>मेन्टरीङ्ग सम्बन्धी व्यवस्था:</u>

(अ) जिल्ला वा प्रदेशस्तरबाट छनोट भएका विद्यार्थीलाई दोस्रो चरणको राष्ट्रियस्तरको ओलम्पियाड प्रतिस्पर्धामा सहभागिता जनाउनभन्दा पहिले



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

ओलम्पियाड संस्थाले मेन्टरीङ्ग गर्नु पर्नेछ र यस्तो मेन्टरीङ्गलाई पहिलो चरण मानिनेछ।

(आ) मेन्टरीङ्ग पहिलो र दोस्रो चरणका ओलम्पियाड प्रतियोगिताको बीच विद्यार्थीलाई प्रतियोगिता प्रतिको आकर्षण कायम राख्न तथा विद्यालय बाहिरका तोकिएका मेन्टरको निगरानीमा विभिन्न ओलम्पियाड विषयसँग सम्बन्धित वैज्ञानिक क्रियाकलाप वा परियोजनामा आबद्ध राखि राख्न यस चरणको महत्व रहेकोले सबै ओलम्पियाड संस्थाले मेन्टरीङ्ग गर्नुपर्नेछ।

(इ) मेन्टरिङ्ग प्रदान गर्ने ओलम्पियाड संस्थाको निर्देशिका वा मापदण्ड वा प्रवन्धमा मेन्टरीङ्गसम्बन्धी प्रकृया खुलेको विवरण उपलब्ध हुनु पर्नेछ र यसका लागि योग्य मेन्टर तथा प्रशिक्षकको सूची ओलम्पियाड संस्थाको आफ्नो निर्देशिका वा मापदण्ड वा प्रवन्ध मार्फत जानकारी दिनुपर्नेछ।

(ई) ओलम्पियाड संस्थाले आफ्नो निर्देशिका वा मापदण्ड वा प्रवन्ध बमोजिम पहिलो चरणमा अधिक भन्दा अधिक विद्यार्थी छनोट गरी मेन्टरिङ्गको समेत अङ्क समावेश गरी दोस्रो चरणको लागि विद्यार्थी छनोट गर्न सक्नेछन्।

(ग) <u>दोस्रो चरण (राष्ट्रिय ओलम्पियाड)</u>

(अ) पहिलो चरणमा छनोट भएका विद्यार्थीलाई दोस्रो चरणको वा राष्ट्रिय स्तरको ओलम्पियाडमा भाग लिने अवसर दिनुपर्नेछ।

(आ) यस चरणमा कम्तीमा चौबिस घण्टा वा तीन दिनको भौतिक उपस्थितिमा मेन्टरीङ्ग र अन्तिम दिन प्रतिस्पर्धात्मक परिक्षा हुनुपर्नेछ।

(इ) राष्ट्रियस्तरको ओलम्पियाड प्रतियोगिताको मेन्टरिङ्ग र प्रतिस्पर्धी परिक्षाको पाठ्यक्रम, कूल पूर्णाङ्क र प्रतियोगिता सम्बन्धी सबै व्यवस्था खुलेको निर्देशिका वा मापदण्ड वा प्रवन्ध प्रत्येक ओलम्पियाड सञ्चालन गर्ने संस्थाले राष्ट्रिय ओलम्पियाड सञ्चालन गर्ने दिन भन्दा कम्तीमा तीस दिन पहिले संस्थाबाट स्वीकृत गराई संस्थाको वेवसाईटमा प्रकाशन गर्नुपर्नेछ।

(ई) विषयगत राष्ट्रियस्तरको ओलम्पियाड सञ्चालन पश्चात सम्बन्धित संस्थाले प्रतिष्पर्धाको प्राप्ताङ्क बमोजिमको योग्यताक्रमको आधारमा बढीमा दश उत्कृष्ट विद्यार्थी छनोट गर्नुपर्नेछ।



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

९. <u>प्रमाणपत्रसम्बन्धी व्यवस्था:</u> (१) राष्ट्रियस्तरको मान्यता प्राप्त ओलम्पियाडबाट यस कार्यविधिको दफा ८ बमोजिमका विषय सहित विधागत आधारमा प्रत्येक ओलम्पियाड संस्थाले छनोट गरेका उत्कृष्ट दश विद्यार्थीलाई प्रमाणपत्रको निम्ति ओलम्पियाड संस्थाले मन्त्रालयमा सिफारिस गर्नेछ र यसरी सिफारिस भएका विद्यार्थीलाई मन्त्रालयले प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

(२) ओलम्पियाड संस्था आफ्नो निर्देशिका वा मापदण्ड वा प्रवन्ध बमोजिम विद्यार्थीलाई विभिन्न पुरस्कार प्रदान गर्न स्वतन्त्र रहनेछ।

(३) मन्त्रालयले विषयगत वा विधागत ओलम्पियाड संस्थाको सिफारिसमा ओलम्पियाड कार्यक्रममा प्रशिक्षण गराएका प्रशिक्षकलाई प्रशंसापत्र प्रदान गर्न सक्नेछ।

(४) यस दफा बमोजिम मन्त्रालयमा प्रमाणपत्र वा प्रशंसापत्र उपलब्ध हुन ओलम्पियाड संस्थाले छनोट सम्बन्धमा लिइएका आधार तथा सोसम्बन्धमा व्यवस्था गरिएका निर्देशिका वा मापदण्ड वा प्रवन्धका सम्बन्धमा मन्त्रालयलाई जानकारी गराएको हुनु पर्नेछ।

## परिच्छेद-५

## <u>अनुदान रकमसम्बन्धी व्यवस्था</u>

१०. <u>अनुदान सहयोग सम्बन्धी व्यवस्था:</u> (१) राष्ट्रियस्तरको ओलम्पियाड प्रतिस्पर्धा कार्यक्रम आयोजना गर्न योग्य ओलम्पियाड संस्थाले सो कार्यक्रममा मन्त्रालय आयोजक वा सहआयोजकका रुपमा रहने गरी आर्थिक सहयोगका लागि मन्त्रालयमा अनुरोध गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सहयोगको लागि लेखि आएमा मन्त्रालयले स्वीकृत बजेटको अधीनमा रहि यस कार्यविधिको दफा ६ बमोजिमको समितिको सिफारिसमा ओलम्पियाड कार्यक्रमलाई अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

(३) राष्ट्रियस्तरको ओलम्पियाडलाई प्रदान गरिने अनुदान रकमको निकर्यौल समितिको सिफारिसमा मन्त्रालयले गर्नेछ।यस कार्यविधि बमोजिम प्राप्त गरेको अनुदान रकम ओलम्पियाड संस्थाले सम्बन्धित ओलम्पियाड कार्यक्रम सञ्चालन बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाउने छैन।

११. <u>छनोटको जानकारी:</u> (१)यस कार्यविधिको दफा १० बमोजिम अनुदान सहयोगका लागि छनोट भएका ओलम्पियाड संस्थालाई मन्त्रालयबाट निर्णय भएको मितिले सात दिनभित्र संस्थाले प्राप्त गर्न सक्ने अनुदान सहयोग रकम समेत खुलाई जानकारी दिइनेछ।

(२) उपदफा (१)बमोजिम जानकारी दिदाँ सम्झौता गर्न आउने अवधि समेत खुलाउनु पर्नेछ।

१२. <u>सम्झौता गर्नु पर्ने:</u> (१) दफा १० बमोजिम छनोट भएको ओलम्पियाड संस्थाले यस कार्यविधिमा उल्लेखित विषयका अतिरिक्त ओलम्पियाड सञ्चालनसम्बन्धी प्रावधान समेत समेटिएको सम्झौता मन्त्रालयसँग गर्नुपर्नेछ।

(२) निर्धारित समयावधिभित्र सम्झौता गर्न नआउने संस्थाको छनोट स्वत:बदर हुनेछ।



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(३) सम्झौताको ढाँचा र व्यवस्था समितिको सिफारिसमा मन्त्रालयबाट निर्धारण भए बमोजिम हुनेछ।

१३. **अनुदान भुक्तानीसम्बन्धी व्यवस्था**: (१) प्रथम चरणको ओलम्पियाड प्रतियोगिता सम्पन्न गरी प्रतिवेदन तथा बिल भरपाईको प्रमाणित छायाँ प्रति पेश गरे पछि अनुदान रकमको पचास प्रतिशत र ओलम्पियाड संस्थाले सबै चरणको ओलम्पियाड प्रतियोगिता सम्पन्न गरी प्रतिवेदन तथा बिल भरपाईको प्रमाणित छायाँ प्रति पेश गरे पछि बाँकी पचाँस प्रतिशत उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम पेश गर्ने प्रतिवेदन साथ दफा ८ बमोजिमको विवरण अनुसार सम्बन्धित शिक्षा, विकास तथा समन्वय इकाइबाट ओलम्पियाड कार्यक्रम सम्पन्न भएको भनी सिफारिस भएको हुनुपर्नेछ।

(३) यस कार्यविधिको दफा १० बमोजिम ओलम्पियाड संस्थाले प्राप्त गर्ने अनुदान रकम भुक्तानी गर्दा मन्त्रालयले सम्बन्धित संस्थाको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ।

१४. **लेखापरीक्षण**: (१) यस कार्यविधि बमोजिम ओलम्पियाड सञ्चालनका लागि प्राप्त हुने अनुदान रकमको लेखापरीक्षण प्रचलित कानून बमोजिम गराउने दायित्व सम्बन्धित ओलम्पियाड संस्थाको हुनेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाले लेखापरीक्षण पश्चात सोको प्रतिवेदन अर्को आर्थिक वर्षको भाद्र मसान्तभित्र अनिवार्य रुपमा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१५. **अनुदान सहयोग उपलब्ध नहुने**: (१) यस कार्यविधि बमोजिम अनुदान सहयोगका लागि छनोट भएका संस्थाले चालु आर्थिक वर्षको असार पन्ध्रभित्र सम्पादित ओलम्पियाड कार्यक्रमको प्रतिवेदनसहित भुक्तानीका लागि निवेदन नदिएमा बाकीं अनुदान रकम भुक्तान गर्न मन्त्रालय बाध्य हुने छैन।

(२) कुनै संस्थाले प्रचलित कानून विपरीत कार्य गरेको अवस्थामा मन्त्रालयले छनोट तथा सिफारिस समितिको सिफारिसमा भुक्तानी सम्बन्धी कुनै वा सबै रकम रोक्का गर्ने वा भुक्तानी नहुने निर्णय गर्न सक्नेछ।

## परिच्छेद-६

## विविध

१६. **भिषा सहजिकरण सम्बन्धी व्यवस्था**: (१) राष्ट्रियस्तरको ओलम्पियाड सञ्चालन गरी अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा प्रतियोगी र प्रशिक्षक वा मेन्टरको रुपमा सहभागी हुन जान इच्छुकलाई प्रचलित कानून बमोजिम भिषा सहजिकरणको प्रबन्ध गरिदिन मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई सिफारिस गर्न सक्नेछ।

(२) अन्तर्राष्ट्रिय ओलम्पियाडमा भाग लिने विद्यार्थीको अन्तर्राष्ट्रिय भ्रमण अवधिभरको जिम्मेवारी सम्बन्धित ओलम्पियाड संस्था र विद्यार्थीका अभिभावकहरुको हुनेछ।

(३) यस दफा बमोजिम सम्बन्धित व्यक्ति बालबालिका भएको अवस्थामा त्यस्तो व्यक्तिको भिषा सहजीकरण गरिदिनु पूर्व सम्बन्धित अभिभावकको मन्जुरी पेश गर्नु पर्नेछ।



नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

१७. <u>सूचना तथा सहुलियतसम्बन्धी व्यवस्था:</u> (१) विद्यार्थीको सबै सूचना प्रचलित कानून बमोजिम ओलम्पियाड संस्थाले गोप्य र सुरक्षित राख्नु पर्नेछ।

(२) विद्यार्थीको व्यक्तिगत सूचना बिक्री गर्ने वा सार्वजनिक गर्ने जस्ता कार्य सम्बन्धित ओलम्पियाड संस्थाले गर्नु हुँदैन।

(३) कसैले विद्यार्थीको व्यक्तिगत सूचना विक्री गर्ने वा सार्वजनिक गर्ने वा प्रचलित कानून विपरीतका कार्य गरेको पाइएमा उजुरीको आधारमा प्रचलित कानून बमोजिम सजायको लागि मन्त्रालयले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(४) ओलम्पियाड संस्थाले विद्यार्थीलाई स्थानीय तहको सिफारिसमा आवश्यक सहुलियत तथा अन्य कुनै सुविधा प्रदान गर्न सक्नेछन्।

१८. <u>सम्पर्क एकाइ रहने:</u> यस कार्यक्रम सञ्चालनका लागि मन्त्रालयको विज्ञान प्रविधि महाशाखा सम्पर्क एकाइको रुपमा रहनेछ।

१९. <u>बाझिएमा अमान्य हुने:</u> यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

२०. <u>प्रचलित कानून बमोजिम हुने:</u> कार्यक्रम कार्यान्वयनको लागि यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

२१. <u>बाधा अड्काउ फुकाउन सक्ने:</u> यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा प्रचलित कानून बमोजिम फुकाउने अधिकार मन्त्रालयको सचिवमा हुनेछ।

२२. <u>ढाँचा तोक्न सक्ने:</u> यस कार्यविधि बमोजिम दिनु पर्ने निवेदन वा प्रतिवेदनका सम्बन्धमा मन्त्रालयको सचिवले आवश्यकता अनुसार ढाँचा तोकी लागू गर्न सक्नेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची-१

दफा ५ को उपदफा (२) सँग सम्बन्धित

<u>अनुदान सहयोगको लागि निवेदन माग गर्ने सूचना</u>

प्रकाशन मितिः ...............

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको आ.व. २०८२/८३ को वार्षिक कार्यक्रम अनुसार नेपालमा सञ्चालनमा रहेका कक्षा बाह्र वा प्रविणता प्रमाणपत्र तह वा सो सरहभन्दा कम तहमा अध्ययनरत विद्यार्थी सहभागिता गराउने उद्देश्यले वार्षिक रुपमा विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग वा गणित विषयसँग सम्बन्धित राष्ट्रियस्तरको ओलम्पियाड प्रतिष्पर्धा सञ्चालन गर्ने ओलम्पियाड संस्थालाई यस मन्त्रालयले प्रदान गर्ने अनुदान रकम प्राप्त गर्न इच्छुक र योग्य भएमा यस मन्त्रालयबाट स्वीकृत **"राष्ट्रियस्तरको विज्ञान, प्रविधि, इन्जिनियरिंग तथा गणित (STEM) विषयसँग सम्बन्धित ओलम्पियाड सञ्चालनसम्बन्धी कार्यविधि, २०८२"** को अनूसुची-२ बमोजिमको ढाँचामा मिति २०..।..।.. सम्म कार्यालय समयभित्र निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

उल्लेखित विषयको थप जानकारी यस मन्त्रालयको वेबसाईटबाट वा विज्ञान प्रविधि महाशाखामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ। म्याद नाघी दर्ता हुन आएका वा रीत नपुगेका निवेदन उपर कुनै कारवाही हुन नसक्ने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची-२

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

अनुदान सहयोग प्राप्त गर्नको लागि दिनु पर्ने निवेदनको ढाँचा

मिति २०  ।  ।

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,

सिंहदरबार, काठमाडौ।

विषय: ओलम्पियाड कार्यक्रम सञ्चालनको लागि अनुदान रकम पाउँ।

उपरोक्त विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८ । । को सूचना बमोजिम मिति २० । । । मा ---------------------------मा दर्ता भएको यस ----------------ले विगत --- वर्ष देखि -----विषयको ------------- विधामा राष्ट्रियस्तरको ओलम्पियाड कार्यक्रम सञ्चालन गर्दै आएको र यस वर्ष समेत -----विषयको----------विधामा जिल्ला/ प्रदेशस्तरमा र राष्ट्रियस्तरमा ओलम्पियाड कार्यक्रम सञ्चालन गरिने भएकोले स्वीकृत बजेटको परिधिभित्र रही उक्त कार्यक्रमको लागि रु ---------------- (अक्षेरुपी --------------) अनुदान उपलब्ध गराई पाउन देहायका विवरणसहित यो निवेदन गरेको छु/ छौ।

देहाय

१. अनुदान माग गर्ने संस्थाको विवरण:

| | |
|---|---|
| संस्थाको नामः | |
| ठेगानाः | |
| सम्पर्क टेलिफोन नंः | |
| ईमेल ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको ईमेल/मोबाइल नंः | |
| संस्था दर्ता र नवीकरण भएको निकाय/जिल्ला र दर्ता मिति | |
| प्यान नं. | |
| काठमाण्डौ उपत्यका बाहिर सम्पर्क कार्यालय भए ठेगानाहरु र सम्पर्क व्यक्तिका सम्पर्क नम्बरहरु | |
| संस्था स्थापनाका प्रमुख पाँच उद्देश्य | |



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं, नेपाल

| |
|---|
| (क) |
| (ख) |
| (ग) |
| (घ) |
| (ङ) |

| | |
|---|---|
| संस्थाको विधान अनुसार पछिल्लो लेखा परिक्षण सम्पन्न मितिः | |
| संस्थाले पछिल्लो पटक आयोजना गरेको ओलम्पियाड बारे विस्तृत विवरण अधिकतम पाँच सय शव्दमा वर्णन गर्ने : | (समावेश हुनुपर्ने विषयः ओलम्पियाडको नाम, ओलम्पियाड सञ्चालन बारे छोटो वर्णन, प्रदेश स्तरमा आयोजना भएको हो/होइन, प्रदेश बाट कति कति विद्यार्थी समावेश भएका? राष्ट्रिय स्तरमा कति समावेश भएका? अन्तिम चरणमा उत्कृष्ट भनि कति जनालाई पुरस्कारको व्यवस्था भएको? अन्य सार्वजनिक निकायबाट सहयोग प्राप्त भएको नभएको प्राप्त भएको भए सो बारे जानकारी, ओलम्पियाड निर्देशिका छ भने सो संलग्न गर्ने) |

| पछिल्लो पाँच वर्षमा सफलतापूर्वक आयोजना गरेको प्रमुख ओलम्पियाड;<br>जिल्ला/प्रदेश स्तरमा, राष्ट्रिय स्तरमा र अन्तर्राष्ट्रिय स्तरमा सहभागि भएका विद्यार्थी र प्रशिक्षक/मेन्टरको संख्या |
|---|
| (क) |
| (ख) |
| (ग) |
| (घ) |
| (ङ) |

| पछिल्लो पाँच वटा सफलतापूर्वक आयोजना गरेका अन्य ओलम्पियाड; सहभागी संख्या र अन्तर्राष्ट्रिय संस्करणमा सहभागी संख्या |
|---|
| (क) |
| (ख) |
| (ग) |
| (घ) |
| (ङ) |

| संलग्न कागजातहरुः | प्रतिलिपि संलग्न गरी ☑ लगाउने । |
|---|---|
| (क) संस्था दर्ता र नवीकरणको प्रमाणपत्र | |
| (ख) पछिल्लो करचुक्ताको प्रमाणपत्र | |
| (ग) अन्तर्राष्ट्रिय आवद्धता भए सबै आवद्धताको प्रमाण | |



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| | |
|---|---|
| (घ) पछिल्लो पाँच वर्षमा अन्तर्राष्ट्रिय ओलम्पियाडमा सहभागीता जनाएको भए त्यसको विवरण | |
| (ङ) पछिल्लो पाँच वर्षमा भाग लिएका कुनै अन्तराष्ट्रिय ओलम्पियाडमा पुरस्कृत भएको भए सोको प्रमाण | |
| (च) पछिल्लो पाँच वर्षमा अन्तराष्ट्रिय ओलम्पियाडमा भाग लिएका प्रशिक्षकको विवरण र प्रमाण | |

२. **अनुदान माग गरेको रकम र कार्यक्रमसम्बन्धी विवरण:**

| | |
|---|---|
| (क) नेपालमा आयोजना हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको ओलम्पियाड सञ्चालनको लागि अनुमानित लागत अनुमान सहितको निवेदन | रुपैयामा खुलाउने |
| (ख) अनुमानित सहभागी संख्या | संख्यामा खुलाउने |
| (ग) अनुमानित खर्च विवरण<br>१.-------------------------------<br>२-------------------------------<br>३.------------------------------- | |
| (घ) संस्थाले व्यहोर्ने रकम र सोको स्रोत | खुलाउने |
| (ङ) अन्य निकाय वा कुनै संस्थाबाट सहयोग लिए नलिएको | |
| (च) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग अनुदान माग गरेको रकम | रुपैयामा खुलाउने |
| (छ) कार्यक्रम सम्पन्न भएको -----दिन भित्र कार्यक्रमको विवरण बुझाउने प्रतिवद्धता गरेको छु/ छैन। | |
| (ज) ओलम्पियाड सञ्चालन गर्ने संस्थाको निर्णय | संलग्न गर्ने |
| (झ) मिति २० । । खर्चको विल भर्पाई प्रमाणित गरी पेश गर्ने छु/ छौ | |
| (ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय STEAM ओलम्पियाड कर्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८१ को व्यवस्था र प्रचलित कानून बमोजिम सबै कार्य पूरा गर्ने छु/छौ | खुलाउने |
| (ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय STEAM ओलम्पियाड कर्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८१ विपरीत कुनै कार्य गरेमा कारवाही भएमा मेरो/ हाम्रो मञ्जुरी छ। | खुलाउने |

| | |
|---|---|
| निवेदक संस्थाको अधिकार प्राप्त व्यक्ति वा सम्पर्क व्यक्तिको, | |
| नामः | |



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| | |
|---|---|
| पदः | |
| मोबाइल नं. | |
| इमेलः | |
| हस्ताक्षर/ मितिः | |
| संस्थाको छापः | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल